# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## भोटेकोशी गाउँपालिका
## सिन्धुपाल्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश**

([illegible]हल )

पत्र संख्याः २०७८।७९
च.नं. ६७०

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भोटेकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**कैफियत सहितको राय**

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ११ लाख ८९ हजार बेरुजू देखिएको छ। कार्यालयबाट प्राप्त प्रतिक्रियाबाट रु.३ लाख ८८ हजार फर्छ्यौट भई बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू.१२ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७८ लाख ६५ हजार र नियमित गर्नुपर्ने रु.१६ लाख ८७ हजार रहेको छ । पालिकाको गतवर्षसम्म रु.१९ करोड ३८ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा संपरीक्षणबाट फर्छ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२० करोड १४ लाख ७७ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(त्रिलोचन आचार्य)**
**नायब महालेखापरीक्षक**

# भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | ३१ | १११८९ | ० | ४ | ३८८ | ५५ | २७ | १०८०१ | १२४९ | १६८७ | ७८६५ | ० | ० | ९५५२ | ० |

### अद्यावधिक बेरुजू स्थिति

### २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | १९३८८३ | ० | १२२०७ | १८१६७६ | ९००० | १०८०१ | २०१४७७ |

नोटः आर्थिक वर्ष २०७६।७७ को बेरुजूको दफा नं ३० मा उल्लेख भएको समपुरक अनुदान तर्फ रु १ करोड निकासा भएकोमा आर्थिक वर्षको अन्तसम्म कुनै पनि रकम खर्च नभई बाँकी रहेको भनी रु १० लाख मात्र लगत कायम भएकोमा पालिकाले सम्परीक्षणकोको लागी रु.१० लाख मात्र फिर्ता गरी लेखापरीक्षणको क्रममा अनुरोध गरेकोमा उक्त रकम संपरीक्षण गरी घटी लगत कायम भएको रु ९० लाख संपरीक्षणबाट बेरुजू कायम गरी सोही अनुसार यस वर्ष संपरीक्षणको रकम संशोधन गरिएको छ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक , भोटेकोशी गाउँपालिका , सिन्धुपाल्चोक

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | भद्र बहादुर बस्नेत | २०७७-११-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शिव कुमार राई | २०७७-७-१ | |
| कार्यालय प्रमुख | मोहन प्रसाद निरौला | २०७७-४-१ | |
| लेखा प्रमुख | सुजन निरौला | २०७७-४-१ | |
| लेखा प्रमुख | भवानी प्रसाद मिश्र | २०७७-९-१५ | |
| | | **बेरुजु रकम** | ११,१८८,७६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,८०,४०,२४१.७९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२,०५,४२,८७३.७ | चालु खर्च | १८,७८,५४,२६९.३६ |
| प्रदेश सरकारबाट अनुदान | २,२५,१७,५०७ | पूँजीगत खर्च | ९,५३,१२,४१५.३३ |
| राजश्व बाँडफाँट | १४,३४,७२,८५७.९१ | वित्तीय/अन्य व्यवस्था | ७,३१,९५,०१४ |
| आन्तरिक आय | १,३७,८६,५४०.३८ | | |
| अन्य आय | ८,०६,११,४३८.९९ | | |
| कुल आय | ४८,०९,३१,२१७.९८ | कुल खर्च | ३५,६३,६१,६९८.६९ |
| बाँकी मौज्दात | | २०,२६,०९,७६१.०८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ५, पालिका सभा सदस्य २९, जनसंख्या१४२३९ जना र क्षेत्रफल २७८.३१ वर्ग किलोमिटर रहेकोछ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षातर्फ खर्च नभई बैंकबाट फि्र्ता बचत रकम रु ३४८१७७६ संघीय संचितकोष दाखिला भएको छ। | |
| ४ | | | **वित्तीय विवरण**<br>**स्थानीय सचित** कोष अर्थिक वर्ष २०७७/०७८ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ। | |

| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/ भुक्तानी | बस्तुगत / सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४९२९८६६१२ | ४८०९३१२१८ | ० | ४८०९३१२१८ |
| क.प्राप्ती (संचितकोषमा | | ४१४४६७०३५ | ४००३१९७७९ | ० | ४००३१९७७९ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आम्दानी बाँधिने) | | | | | | | |
| | | | | 1100 कर | ११ | ८५९३९१७० | १४३४७२८५८ | ० | १४३४७२८५८ | | |
| | | | | 1300 अनुदान | | ३२७८२४९६५ | २५४८१०३८१ | ० | २५४८१०३८१ | | |
| | | | | संघीय सरकार | १२ | २६४७३०९६५ | २२०५४२८७४ | ० | २२०५४२८७४ | | |
| | | | | प्रदेश सरकार | १२ | ४९४४४००० | २२५१७५०७ | ० | २२५१७५०७ | | |
| | | | | आन्तरिक श्रोत | १२ | १३६५०००० | ११७५०००० | | ११७५०००० | | |
| | | | | १४०० अन्य राजस्व | ११ | ७०२९०० | २०३६५४० | ० | २०३६५४० | | |
| | | | | ख. अन्य प्राप्ती | | ७८५१९५७७ | ८०६११४३९ | ० | ८०६११४३९ | | |
| | | | | कोषहरु | | ८६९५५७७ | १२०११५५८ | ० | १२०११५५८ | | |
| | | | | धरौटी | | ० | ८५२२८३३ | ० | ८५२२८३३ | | |
| | | | | संघीय, प्रदेश सरकार र अन्य कार्यक्रम | | ६९८२४००० | ६००७७०४८ | ० | ६००७७०४८ | | |
| | | | | भुक्तानी (ग+घ) | | ५४५३०४२६० | ३५६३६१६९९ | ० | ३५६३६१६९९ | | |
| | | | | ग. भुक्तानी (संचित कोषबाट) | | ४७६४३१६३५ | २८३१६६६८५ | ० | २८३१६६६८५ | | |
| | | | | 21000 पारिश्रमिक/सुविधा | १८ | ९८९६०८०० | ७२४३६१२९ | ० | ७२४३६१२९ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 22000 मालसामान तथा सेवाको उपयोग | १८ | १५७२७६८७० | ९९६७४३५४ | ० | ९९६७४३५४ | | |
| | | | | 25000 सहायता | १८ | ९५४४००० | ९१०४३०० | ० | ९१०४३०० | | |
| | | | | 27000 सामाजिक सुरक्षा | १८ | ६१५५००० | ४५१५५१२ | | ४५१५५१२ | | |
| | | | | 28000 अन्य खर्च | १८ | २१४५००० | २१२३९७५ | ० | २१२३९७५ | | |
| | | | | 31000 गैर वित्तिय सम्पती/ पूँजिगत खर्च | १८ | २०२३४९९६५ | ९५३१२४१५ | ० | ९५३१२४१५ | | |
| | | | | घ. अन्य भुक्तानी | | ६८८७२६२५ | ७३१९५०१४ | ० | ७३१९५०१४ | | |
| | | | | कोषहरु | | ८७९५५७७ | ५८०१४२३ | ० | ५८०१४२३ | | |
| | | | | धरौटी | | ० | ७३१६५४३ | ० | ७३१६५४३ | | |
| | | | | संघीय, प्रदेश सरकार र अन्य कार्यक्रम | | ६००७७०४८ | ६००७७०४८ | ० | ६००७७०४८ | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | -५२३१७६४८ | १२४५६९५१९ | ० | १२४५६९५१९ | | |
| | | | | च. गत वर्षको जिम्मेवारी रकम | | ० | ७८०४०२४२ | ० | ७८०४०२४२ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ+च) | | -५२३१७६४८ | २०२६०९७६१ | ० | २०२६०९७६१ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बैक तथा नगद बाँकी | २४ | | २०३१२२२५० | ० | २०३१२२२५० | | |
| ५ | | | **वित्तीय विवरणको विश्लेषण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्<br>· सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को प्राप्तितर्फ संघ प्रदेश सरकारका अन्य कार्यक्रममा शुन्य देखाएकोमा सिग्यासबाट कारोबार हुने उक्त रकम समावेश गर्दा पालिकाको संचितकोषको प्राप्तीतर्फ रु.६००७७०४८ ले बृद्धि भई रु.४२०८५४२६९.९८ बाट रु.४८०९३१२१७.९८ कायम हुने देखिन्छ । तसर्थ सुत्रले तयार गरेको वित्तीय विवरणले पालिकाको यथार्थ संचितकोषको आय प्रस्तुत गरेको देखिएन् ।<br>· गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार संचितकोषको मौज्दात रु.२२१५७३४६.४७ देखाएकोमा पालिकाले बैंक स्टेटमेन्ट देखिएको रु.७८०४०२४१.७९ जिम्मेवारी सारेको देखियो ।<br>· म.ले.प.फा.नं.२७२ को संघ प्रदेश सरकारका अन्य कार्यक्रममा शुन्य देखाएकोमा सिग्यासबाट कारोबार हुने उक्त रकम समावेश गर्दा पालिकाको संचितकोषको भुक्तानीतर्फ रु.६००७७०४८ ले बृद्धि भई रु.२९६२८४६५०.६९ बाट रु.३५६३६१६९८.६९ कायम हुने देखिन्छ । सोही अनुसार खर्च हिसाव समायोजन गरी प्रस्तुत गरिएको छ ।<br>· पालिकाले पेश गरेकोम.ले.प.फा.नं.२७२ मा यस वर्षको वर्षान्तको बाँकी रु.२०२६०९८६१.०८ र बैक बाँकी रु.२०३१२२२५०.०८ देखिएकोमा श्रेस्ता भन्दा बैक रु.५१२४८९ ले बढि देखिएको छ । तसर्थ उक्त रकम साँटबाँकी चेक रहेको विवरण पालिकाबाट पेश भएकोले सोही अनुसार बैक बाँकी समायोन हुनुपर्दछ ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | | | | | | | |
| ६ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेख राख्नुपर्ने र तोकीएको समय भित्र जिन्सीको विवरण महालेखा नियन्त्रक कार्यालयलाई पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयको विभिन्न निकायबाट हस्तान्तरण भएका जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेखिकरण गरी सोको विवरण तथा प्रतिवेदन तालुक निकायमा पठाएको देखिएन् । अत ऐनको व्यवस्थाको पालना हुनुपर्दछ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **सार्वजनिक सम्पत्ति**<br>सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ८ | | | **ठेक्का अभिलेख**<br>सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष तथा गत विगत वर्षहरुमा ठेक्का व्यवस्थापन गरेकोमा स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| ९ | | | **खरिद योजना तथा गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकीएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकीए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक खरिद योजना तथा खरिद गूरुयोजना तयार गरेको नदेखिएकोले पालिकाले वर्ष भरी के कति परिमाणमा खरिद कार्य गर्ने तथा कुन खरिद विधि अपानाउने लगायतका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुदाँ कार्यालयले आवश्यकता बमोजिम खरिद गर्दै गएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सिमा नाघ्न गई खरिद प्रकृयामा सबैलाई समान सहभागी हुने अवसर सुनिश्चित भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थापनमा विशेष ध्यान दिनुपर्दछ । | |
| १० | | | **मौजुदा सुची**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपुर्तीकर्ता, निर्माण व्यवसायि, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायको दफा १० को उपदफा २ बमोजिम योग्यताको आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले उपरोक्त अनुसार मौजुदा सुची तयार गरेको देखिएन् । जसबाट योग्ता नपुगेको तथा क्षमता नभएकोबाट गुणस्तरिय सेवा प्रवाह नहुन सक्ने अवस्था देखिएकोले पालिकाले तोकीए अनुसार मौजुदा सूची तयार गरी खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **नगद वितरण**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं २१ मा स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्ने उल्लेख छ । तर देहायअनुसार योजनामा श्रमिकलाई ज्याला भनी रोजगार संयोजकलाई श्री गंगासागर पौड्याललाई पेश्की दिई नगद वितरण गरेको पाईयो । जसबाट कार्यविधिको व्यवस्था पालना भएको देखिएन। अतः कार्यविधिको व्यवस्था पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ८४ | २ योजनको रकम वापत रोजगार संयोजकले पेश्की लिई नगद वितरण गरेको रकम | ३४३९४९ |
| ८५ | ३ योजनको रकम वापत रोजगार संयोजकले पेश्की लिई नगद वितरण गरेको रकम | १०९८३७५ |
| १०६ | ८ योजनको रकम वापत रोजगार संयोजकले पेश्की लिई नगद वितरण गरेको रकम | ३७१३०१२ |
| | जम्मा | ५१५५३३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमगत तथा एकीकृत प्रगति तयार गरेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा भुक्तानीको जानकारी मात्र दिएको तथा इ टी डि एस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर सहितको तेरिज बनाई कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणीत गरेको पाईएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• पालिककाको स्वास्थ्य तर्फका कर्माचारीहरुको तलबी प्रतिवेदन पारित भएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | | **धरौटी**<br>अर्थ मन्त्रालयको च.नं.३६९ मिति २०६९।६।१७ तथा आन्तरिक राजस्व विभागको च.नं.१२ मिति २०६९।६।१० को पत्रअनुसार ठेक्का तथा करारमार्फत निर्माण तथा मालसामानको आपुर्तीको अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भूक्तानी भएको रकम र मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट एकिन गरे पश्चात् मात्र भूक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गोभौ ३६ मिति २०७७।१२।२० बाट मार्मिङ्ग निर्माण सेवालाई मूल्य अभिवृद्धि कर बाहेक रु.९०५५९००० को ५ प्रतिशतले हुने धरौटी कट्टि गरेको रकम रु.४५२७९२ फिर्ता गरेको छ । तर श्रेस्तामा संलग्न मूल्य अभीवृद्धी कर समायोजन गरेको आन्तरिक राजस्व कार्यालय धुलिखेलको च. नं. ८२३३ मिति २०७७।१२।२० को पत्र अनुसार उक्त निर्माण व्यवसायिले रु.३५५५५२३९ को मूल्य अभिवृद्धि कर समायोजन गरेको देखियो । जसअनुसार निर्माण व्यवसयिालाई रु.१७७७६२ मात्र धरौटी फिर्ता गर्न सकिनेमा पालिकाले कट्टी गरेको रु.४५२७९५ फिर्ता गरेकोले निर्माण व्यवसायिले पालिका बाट भुक्तानी लिएको मूल्य अभिबृद्धि रकम सम्बन्धित आन्तरिक कार्यालय कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु | २७५,०३३ |
| १४ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष कोभिड १९ को रोकथाम तथा व्यवस्थपन कार्य अन्तरगत रु.१९७१००० को औषधि तथा उपरकण औषधि सोझै खरिद गरेको छ । खरिद गरेका औषधिहरुको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरेको तथा आधिकरिक विक्रेतालाई सरहको छुट सुविधा उपलब्ध गराएको समेत भएको देखिएन । साथै खरिद गरिएको औषधिको जिन्सी तथा खर्च लेखांकन एकमुष्ट गर्ने गरेको छ । आईटमवाईज आम्दानी तथा खर्च लेखांकन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **भरपाई नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर ५ मिति २०७७।०५।२५ मा आचार्य ट्रेड लिंकबाट ३४० थान पोलार, ३० थान पलाष्टिक टनेल, २०० बक्स वाईवाई चाउँचाउ, ३ कार्टुन स्यानीटर प्याड र २५० थान टर्च लाईट गरी रु ७०६६३४ को सामान खरिद गरी भुक्तानी दिएको देखिएयो । तर उक्त सामान बाढी पीडीतलाई वितरण गरेको भरपाई श्रेस्तामा संलग्न रहेको देखिएन् । तसर्थ उक्त सामाग्री वितरण गरेको भरपाई पेश हुनुपर्ने देखिएको रु | ७०६,६३४ |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>प्रगति प्रतिवेदन<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कोभिड-१९<br>कार्यालयबाट प्राप्त विवरण अनुसार यस यस वर्ष पालिकाले कोभिड-१९ रोकथाम नियन्त्रण र प्रकोप व्यवस्थापनमा कार्यको लागि देहाय अनुसार रकम प्राप्ती र खर्च सम्बन्धी बिबरण प्राप्त भएको छ ।<br><table>
<tr><td>आम्दानीको श्रोत</td><td>आय रकम</td><td>खर्च शिर्षक</td><td>खर्च रकम</td></tr>
<tr><td>प्रदेश सरकारबाट प्राप्त</td><td>१००००००</td><td>राहात वितरण</td><td>४२२०००</td></tr>
<tr><td>पालिकाबाट विनियोजित</td><td>१५२०००००</td><td>क्वारिन्टि तथा होल्डिङ्ग सेन्टर निर्माण</td><td>९४५०००</td></tr>
<tr><td>प्रदे कोभिडकोषबाट प्राप्त</td><td>५०००००</td><td>कोभिड हस्पिटल व्यवस्थापन</td><td>६६१०००</td></tr>
<tr><td>अन्य आम्दानी</td><td>५७४०००</td><td>जनशक्ती परिचालन</td><td>१९८३०००</td></tr>
<tr><td></td><td></td><td>औषधि तथा उपकरण खरिद</td><td>१९७१०००</td></tr>
<tr><td></td><td></td><td>पूर्वाधार निर्माण</td><td>४३२०००</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>१०७५०००</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>९७९१०००</td></tr>
<tr><td>जम्मा</td><td>१७२७१०००</td><td></td><td>१७२७१०००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **बढी निकासा**<br>विद्यालय शिक्षकको तलब विद्यालयबाट माग भएको माग फारम परीक्षण गरी रुजू भए अनुसारको रकम निकासा दिनुपर्दछ । लेखापरीक्षणको क्रममा नमुना छनौट परेको मध्ये हिमालय पन्चकन्या आविलाई प्रथम चौमासिकमा शिवनारायण यादवको नाममा रु १५९२८३ निकासा भएको छ । शिक्षा विकास तथा समन्वय एकाई राजविराजको मिति २०७७।०४।६ को निर्णयले निजको सरुवा भगवती राष्ट्रीय प्रावि सप्तरीमा भएकोमा निजको रमानामा २०७७ आषाढ २५ सम्मको तलब भत्ता भुक्तानी भएको उल्लेख छ । तर पालिकाले दोस्रो चौमासिक निकासा दिदाँ उक्त विद्यालयको मागफारम तथा पालिकाले तयार गरेको मागफागमका आधारमा कुल रु १८९१९९ मा प्रथम चौमासिकमा शिवनारायण यादवको नाममा निकासा भएको रकम रु १५९२८३ घटाई रु २९९१६ मात्र निकासा दिनुपर्नेमा रु ५६२७२ निकासा दिएको देखियो । जसअनुसार शिक्षकको रमाना पत्रमा उल्लेख भएकोभन्दा पछीको मिति सम्मको रु २६३५६ बढी निकासा भएको देखियो । रमानामा उल्लेख भन्दा पछिको अवधि सम्म निकसा भएको रकम असुल हुनुपर्ने देखिएको रु | २६,३५६ |
| १९ | | | **विल तथा अनुगमन प्रतिवेदन**<br>कोभिड १९ बाट कारण विद्यालयमा विद्यार्थिहरु भौतीक रुपमा उपस्थिति भई पठनपाठन गर्ने गराउने कार्यको हुन नसकेको कारण नियमति पठनपाठन कार्यलाई प्रभावित हुन नदीन नेपाल सरकारको निर्णय अनुसार मानव संशाधन विकास तथा शिक्षा विकास केन्द्र सानोठीमि भक्तपुरले कक्षा ४ देखि १० सम्म प्रति मिहना प्रति विद्यार्थि रु १२५ का दरले खर्च गर्न सकिने गरी पालिकालाई बजेट उपलब्ध गराएको छ । जसअनुसार यस पालिकाले गोभौ १०७ मिति २०७८।०३।२२ मा सियूजी वापत २६ विद्यालयलाई प्रति महिना प्रति विद्यार्थि रु १२५ प्रति ३ महिनाको रु १३५७६५० निकासा दिएको छ । साथै सोही भौचरबाट प्रति विद्यालय रु १२००० का दरले ईन्टरनेट सेवा विस्तार वापत २४ विद्यालयलाई रु २८०००० निकासा दिएको छ । तर विद्यालयले सियुजी वापतको रकम सोही कार्यमा खर्च गरेको देखिने प्रमाण तथा विद्यालयले ईन्टरनेट सेवा जडान गरेको देखिने खर्चको विल भरपाई तथा पालिबाट भएको अनुगमन श्रेस्तामा संलगन भएको देखिएन् । जसबाट पालिकाबाट निकासा भएको रकम सोही अनुरुप खर्च भए नभएको यकिन गर्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले ईन्टरनेट सेवा विस्तार तथा सियूजी वापतको रकम उद्धेश्य अनुरुप विद्यालयबाट खर्च भएको अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु | १,३५७,६५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>

**बढी निकासा**

पालिकाले शीक्षकको सरुवा, बढुवा, अवकाश तथा राजिनामा अभिलेख अध्यावधिक गर्नुपर्दछ । पालिकाले सोही अभिलेखको आधारमा मात्र शिक्षक तलभत्ता निकासा दिनुपर्दछ । तर पालिकाबाट लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार देहायको विद्यालयमा कार्यरत शिक्षक जिल्लान्तर सरुवा भई गएको अवस्थामा समेत विद्यालयमा निजकै नाममा तलब भत्ता निकासा दिएको देखियो । विद्यालयले सरुवा भई जाने शिक्षकको रमानामा तलब भत्ता भुक्तानी भएको अन्तीम मिति तोकेको अवस्थामा सो भन्दा पछीको तलब भत्ता पालिकाबाट लेख्न नमिल्नेमा देहायअनुसार खर्च लेखेको रकम दोहोरो नपरेको प्रमाण पेश हुनुपर्दछ अन्यथा उक्त रकम असूल हुनुपर्ने देखिएको रु

<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४५</td><td>महादेव आवि मार्मिङ्गको शिक्षक श्री नरेशी राय यादव जिल्लान्तर सरुवा भई प्राथामिक विद्यालय पर्सा गएको रमानामा निजको तलब भत्ता २०७७ आषाढ मसान्त सम्म भुक्तानी भएको उल्लेख छ । तर प्रथम चौमासिकको छुट भनी दोस्रो चौमासिकमा निजको नाममा रु १५८०८३.८० निकासा भएको देखिन्छ । तसर्थ निज मिति २०७७।०६।०५ मा रमाना भई गएको र निजको रमानामा २०७७ आषाढ मसान्त सम्मको तलब भत्ता भुक्तानी भएको भनी उल्लेख भएकोमा समेत प्रथम चौमासिकको छुट भनी निकासा दिएको रकम रु</td><td>१५८०८४</td></tr>
<tr><td>१४</td><td>नारायण आविको शिक्षक श्री पृतलाला यादव मिति २०७७।०५।०८ मा सिराहा स्थति आधारभुत विद्यालयमा सरुवा भई गएकोमा निजको नाममा प्रथम चौमासिकमा रु १५८८८३.८० तलब भत्ता निकासा भएको छ । निजको रमाना हुदाँको बखत पालिकाबाट तलब भत्ता निकासा समेत नभएको र लेखापरीक्षणको क्रममा निजको रमाना पेश नभएको हुदाँ निजको नाममा सरुवा तथा रमाना भएको अवधि पश्चातको समेत तलब भत्ता भुक्तानी भएकोले देखिएको रु</td><td>१५८८८४</td></tr>
<tr><td></td><td>म्मा</td><td>३१६९६८</td></tr>
</table>

</td><td>३१६,९६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **बिपद**<br>विपद् व्यवस्थापन कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहर गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br>वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २२ | | | **विल भरपाई तथा अनुगमन**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमबाट माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाइमा आ.इ.सि.टी प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमबाट तोकिएको स्पेशिफिकेशन अनुसारका किताव तथा ल्याव सामग्री र विज्ञान सामग्री कार्यविधि अनुसार खरिद गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार १२ विद्यालयलाई रु ७८००००० अनुदान रकम उपलब्ध गराई १० वटा विद्यालयले रु ६५००००० को विल भरपाई उपलब्ध गराएका छन् । त्यसैगरी देहाय अनुसार २ विद्यालयले लेखापरीक्षण अवधि सम्म पनि खर्चको विलभरपाई उपलब्ध गराएको देखिएन् । तसर्थ अनुदान उपलब्ध गराए वापत तोकिएबमोजिमको काम भएको देखिने खर्चको विल भरपाई सहित पालिकाबाट अनुगमन गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु | १,३५०,००० |

| सि.नं. | विद्यालयको नाम | वापत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भिर्पु माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी |
| २ | छयालिङ्ग आवि | नविन प्रविधि प्रवर्धन | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | कोदारी मावि | सिकाई सामाग्री | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ४ | कोदारी मावि | नविन प्रविधि प्रवर्धन | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ५ | मार्मिङ्ग आवि | पुस्तकाल र विज्ञान प्रयोगशाला | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ६ | तातोपानी आवि | पुस्तकाल र विज्ञान प्रयोगशाला | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ७ | गुप्तेश्वरी आवि | नविन प्रविधि प्रवर्धन | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ८ | उग्रचण्डी मावि | पुस्तकालय | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ९ | उग्रचण्डी मावि | कम्प्युटर ल्याब | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | १० | सेतीदेवी आवि | सिकाई सामाग्री | ६५०००० | विलभरपाई पेश भएकोमा अनुगमन हुन बाँकी | | |
| | | | | ११ | थापिनारायण आवि | नविन प्रविधि प्रवर्धन | ६५०००० | विलभरपाई पेश नभएको | | |
| | | | | १२ | धनेश्वरि माध्यामिक विद्यालय | आईसीटी ल्याब | ६५०००० | विलभरपाई पेश नभएको | | |
| | | | | | | जम्मा | ७८०००० | मध्ये १३००००० को विल भरपाई पेश हुन बाँकी | | |
| २३ | | | **दिवा खाजा**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजाका उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष २९ विद्यालयमा दिवा खाजा वापतको रकम भनी विद्यालले उपलब्ध गराएको तथ्यांकको आधारमा गोभौ ८७ बाट रु.२४९६७३५ उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **पाठ्यपुस्तक**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७६।०७७ को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । सो अनुरुप प्रत्येक स्थानीय तहले ईमिस मा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराइ सत्यापित बिबरण शिक्षा अधिकृतबाट प्रमाणीत गरी सोका अधारमा आवश्यक कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले यो वर्ष पालिका भित्रका २९ विद्यालयमा पाठ्य पुस्तक अनुदान वापत गौभौ ८७ बाट रु.१०७८६९९ र गोभौ नं १०७ बाट रु.४७२३८३ समेत कुल रु.१५५५१०८२ निकासा दिएको छ । विद्यालयले ईमिसमा प्रविष्टी गरेको तथ्यांकका आधारमा निकासा दिएको तोकीए बमोजिम सत्यापन गरेको तथा पाठस्पुस्तक वितरण सम्बन्धमा पालिबाट अनुगमन समेत गरेको देखिएन । तसर्थ पाठस्पुस्तक वितरण सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ । | |
| २५ | | | **बरबुझारथ**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम १०३ को उपनियम ४ मा बरबुझारथ गर्न बाँकि जिन्सी मालसामान बराबरको रकम असूल उपर गरिने व्यवस्था छ । यस पालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत श्री मोहन प्रसाद निरौलाले रु १४३७५०।०० मूल्यको डेल ल्यापटप नबुझाई रमना लिएको देखिएकोले उक्त रकम निजबाट असूल गर्नु पर्दछ । रु | १४३,७५० |
| २६ | | | **वित्तिय बिबरण** | |
| २६.१ | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २२३२८२९१.४० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ७८०४०२४१।७९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५५७११९५७०.३२ बढी जिम्मेवारी सरेको छ । आय र व्ययको सहि र यथार्थ हिसाब राख्नु पर्दछ । | |
| २६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना नभएको । | |
| २७ | | | **सुबिधा** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>३९१।२०७८।३।३१ बागमती प्रदेश अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी ऐनमा प्रति बैठक रु १०००।०० को दरले बैठक भत्ता भुक्तानी लिनु पर्नेमा रु १५००।०० को दरमा भुक्तानी लिएकोले बढि भुक्तानी भएको रु सम्बन्धित पदाधिकारीहरुबाट असूल गर्नु पर्दछ ।
<table>
<tr><th>वडा नम्बर</th><th>पदाधिकारी</th><th>खर्च रकम</th><th>१५ प्रतिशत कर कट्टि पछिको बढि भुक्तानी</th></tr>
<tr><td>१</td><td>वडाध्यक्ष समेत ९ जना</td><td>१६८०००</td><td>४७६००</td></tr>
<tr><td>२</td><td>वडाध्यक्ष समेत ९ जना</td><td>२७०००</td><td>७६५०</td></tr>
<tr><td>३</td><td>वडाध्यक्ष समेत १० जना</td><td>१४४०००</td><td>४०८००</td></tr>
<tr><td>४</td><td>वडाध्यक्ष समेत ८ जना</td><td>१३९५००</td><td>३९५२५</td></tr>
<tr><td>५</td><td>वडाध्यक्ष समेत ९ जना</td><td>१५३०००</td><td>४३३५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१७८९२५</td></tr>
</table></td><td>१७८,९२५</td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ७ लाख ८५ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले धार्मिक तथा सांस्कृतिक सहायता रु १६०३००।०० र अन्य व्यक्ति एवं संघ संस्थालाई रु ५ लाख सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **बजेट तथा कार्यक्रम** | |
| २८.१ | | | कल्याण कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी कल्याण कोषमा रु. ९ लाख रहेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्नु उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| २८.२ | | | अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अध्यक्ष कोषमा रु. ६० लाख ६२ हजार चालु कार्यक्रम तर्फ अवण्डा राखि विनियोजन गरेको छ । बिनियोजित रकम योजना तथा कार्यक्रममा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| २८.३ | | | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार सभाबाट स्वीकृत भए अनुसार खर्च गर्नुपर्दछ । पालिकाले शुरु वजेट तथा कार्यक्रममा समावेश योजनाहरुमा स्विकृत वजेट रकम कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट अन्यत्र योजनामा रकमान्तर गरी निम्नानुसार रु ५२ लाख ४५ हजार खर्च गरेको विवरण लेखापरीक्षणको क्रममा पेश भएको छ । सभाबाट स्विकृत तथा विनियोजनक भएको अनुसार खर्च गरी अन्य योजनामा खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नु पर्दछ । | |
| २८.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न गठन भएको ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा सो बमोजिम भएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.५ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । | |
| २९ | | | **संगठन तथा व्यवस्थापन** | |
| २९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नु पर्नेमा गाँउसभाले दरबन्दि श्रृजना गरी करारमा कर्मचारी भर्ना गर्ने कार्य अनियमित देखिन्छ । | |
| २९.२ | | | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा २१ जना कर्मचारीहरु करारमा राखी कार्यपालिकाको कार्यालयतर्फ रु. ६० लाख ३८ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । सो बिपरीत पालिकाले सहायक स्तर चौथो देखि अधिकृत स्तर छैठौसम्म करारमा नियुक्ती गरेको छ । प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ । | |
| २९.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था भएकोमा सो बिपरीत अधिकांस योजनाहरु ससाना र दिर्घकालिन लक्ष्य नभएका छनौट र कार्यान्वयन भएको पाईयो । | |
| ३० | | | **आन्तरीक आय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | आय ठेक्काः पालिकाले आईई प्रतिबेदन समेत तयार नगरी रु ९३२२५०।०० को आन्तरिक आय ठेक्का लगाएको छ । आन्तरिक राजश्व बिभागले २०७६।४।१ देखि लागु गरेको राजश्व शिर्षक बर्गिकरण अनुसार स्थानिय तहले संकलन गर्ने मुल्य अभिबृद्धिकर राजश्व शिर्षक ३३३१७ मा दाखिला गर्नु पर्नेमा थोक तथा खुद्रा बिक्रेताले दाखिला गर्ने शिर्षक ३३३१३ मा दाखिला भएको छ । सम्बन्धित राजश्व शिर्षकमा दाखिला भएको प्रमाण पेश गर्नु पर्दछ ।रु | १११,०१८ |
| ३०.२ | | | पालिकाको आर्थिक ऐन वा सम्बन्धित ऐन बमोजिम लगाएका कर (विभाज्य समेत्) सो कानूनमा तोकिए बमोजिम निर्धारण गर्दा करदाता अभिलेख अद्यावधिक गरेको छैन। | |
| ३०.३ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकाको रसिद नियन्त्रण खाता बमोजिम ६० ठेलि रसिद छपाई भएकोमा ५० ठेली बितरण भएको तर २ ठेली मात्र मौज्दात रहेको देखिन्छ । बितरण पनि नदेखिएको र मौज्दात पनि नदेखिएको ८ ठेलि रसिदको सम्बन्धमा पालिकाले छानबिन गरी संकलन भएको राजश्वको व्याज सहित कानुन बमोजिम असूल गर्नु पर्दछ । | |
| ३०.४ | | | मध्य भोटेकोशी जलबिद्युत आयोजनाले पालिकासग २०७५।५।२२ बार्षिक ७० लाख रोयल्टि बुझाउने सम्झौता गरेकोमा रु ६८ लाख मात्र बुझाएको देखियो । नपुग २ लाख असूल गर्नु पर्दछ । साथै पालिकाको क्षेत्र भित्र अन्य धेरै हाईड्रोपावर कम्पनीहरु सञ्चालनमा रहेकोले सबै सग सम्झौता गरी रोयल्टि असूल गर्नु पर्दछ। रु | २००,००० |
| ३०.५ | | | पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको छैन । | |
| ३१ | | | **सिमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि. सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको | ९६,५०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दर प्रति बोरा रु.७०० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने आर्कोतर्फ प्रति बोरा रु.१५८.२० (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | |

| भौ नं | योजना तथा उपभोक्ता | सप्लायर्स | पीपीसी सिमेन्ट वोरा | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ५६ | महादेव आवि | मा उग्रचण्डी हार्डवेयर ६०२११६५९० | ८५ | १५८.२ | १३४४७ |
| ५५ | छयादी गोन्दोचेत खा पा | मा उग्रचण्डी हार्डवेयर ६०२११६५९० | ३५ | १५८.२ | ५५३७ |
| ५४ | ब्राङ्गा गोरेटो बाटो निर्माण | कैलाश हार्डवेयर ६०९७२८५४३ | ५५ | १५८.२ | ८७०१ |
| ६६ | ५ नं वडा कार्यालय चेनगेट रलिङ्ग मेसिशनरी वाल | मा उग्रचण्डी हार्डवेयर ६०२११६५९० | ५० | १५८.२ | ७९१० |
| ८६ | गरुङ्ग धारा सेप्ची गोरेटोबाटो निर्माण | एस के ईन्टरप्राईजेज ६०४१९५०६३ | १३० | १५८.२ | २०५६६ |
| ९२ | ब्राङ्गा धोरे मोटर बाटो | कैलाश हार्डवेयर ६०९७२८५४३ | ८५ | १५८.२ | १३४४७ |
| १०१ | सार्वजनिक शौचालय सुनखानी | रावण कन्ट्रक्सन ६०३५१७००७७ | ६० | १५८.२ | ९४९२ |
| प्र १० | भुजे छन्यवो छयाकुक चेन्ताङ्ग गाबा | रावण कन्ट्रक्सन ६०३५१७००७७ | ११० | १५८.२ | १७४०२ |
| | जम्मा | | ६१० | १५८.२ | ९६५०२ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **अधुरो योजना**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । अधुरा योजाहरुको अभिलेख व्यवस्थित गरी यथाशिघ्र कार्यान्वयन गर्नु पर्दछ । | |
| ३३ | | | **सम्झौता भन्दा फरक कार्य**<br>उपभोक्ता समितिले पालिकासँग भएको सम्झौता अनुसार कार्य गर्ने तथा सम्झौता भन्दा फरक कार्य गरेको अवस्थामा कारण सहित पालिकाको पूर्व स्वीकृत लिनुपर्दछ । गो.भौ.२० मिति २०७७।०९।२८ बाट चाकु मार्मिङ्ग मोटर बाटो स्तरउन्नती कार्यको लागि रु.३२०००० पेश्की फर्छ्यौट सहित रु.९७०००० भुक्तानी दिएको छ । भुक्तानीको श्रेस्तासँग संलग्न कागजात परीक्षण गर्दा पालिकाले सडक सफा गर्नेमा रु.९७७५९ सहित १०२ घनमिड स्टोन वालको कार्य गर्ने गरि रु.१०८८१५१ को लागत अनुमान तयार गरेकोमा रु.९७००० र बाँकी रकम उपभोक्ताले बेहोर्ने गरि उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर उक्त कार्र्यको कार्य सम्पन्न प्रतिवेदन अनुसार उपभोक्ता समितिले स्टोन वाल लगाउने संटक्रचरल कार्य ४० घनमिटर र सडक सफा गर्ने कार्य रु.४७६८७ को गरेको र लागत अनुमानमा समावेश नभएको सडक खन्ने कार्य रु.७०००८८ समेत कुल रु १०८८१५१ को कार्य गरी सम्झौता अनुसारको रु ९७०००० भुक्तानी लिएको देखिन्छ । उपभोक्ता समितिले पालिकासँग गरेको सम्झौता अनुसार सडक नाली निर्माण तथा स्टचरलतर्फको वाल लगाउने कार्य नगरी सहज रुपमा गर्न सकिने सडक खन्ने कार्य गरेकोमा पालिकाको पूर्व स्वीकृत लिएको देखिएन् । साथै लागत अनुमानमा तोकीउ भन्दा फरक कार्य गरेको अवस्थामा सो गर्नुको प्राविधिक कारण सहित पालिकाबा६ लागत अनुमान संशोधन भएको प्रमाण समेत लेखापरीक्षणको क्रममा पेश हुन सकेन । साथै लागत अनुमानमा तोकीए भन्दा फरक कार्य गर्नुको प्रविधिक कारण सहित संशोधन गरेको नदेखिएकोले लागत अनुमानमा समावेश नभएको कार्यको पालिकाबाट भुक्तानी दिन मिल्ने देखिएन । तसर्थ लागत अनुमानभन्दा फरक कार्य गर्नुको प्राविधिक कारण सहितको पुष्टाई पेश हुनुपर्ने अन्यथा लागत अनुमानमा समावेश नभएको कार्य गरि भुक्तानी दिन मिल्ने नदेखिएको रकम असूल हुनुपर्ने रु. | ७००,०८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **अधुरो निर्माण**<br>उपभोक्ता समितिसँग निर्माण कार्यको लागत अनुमान तयार गर्दा उक्त योजना एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । पालिकाले यस वर्ष निर्माण गर्ने गरी लागत अनुमान बनाएको देहायको योजनामा निर्माण कार्य अधसरशव हुने गरी लागत अनुमान तयार गरेको तथा लागत अनुमान अनुसारको कार्य उपभोक्ता समितिबाट भएको अवस्थामा कार्यसम्पन्न तयार गर्को देखिन्छ । लेखापरीक्षणको क्रममा नमुना छनौट परेका मध्ये देहायका भवन निर्माण योजनामा उपभोक्ता समितिबाट पिल्लर तथा ढलानको मात्र कार्य गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता र उपभोक्ता समिति बीच देहायअनुसार कार्य गर्ने गरी सम्झौता भएकोमा लागत अनुमानमा तोकीए अनुसार कार्य भएकोमा कार्य सम्पन्न दिएको छ । श्रेस्तामा संलग्न लागत अनुमान तथा कार्यसम्पन्न परीक्षण गर्दा भवन निर्माण कार्यमा जग, पिल्लर तथा स्ल्याब ढलानको मात्र कार्य गर्ने गरी लागत अनुमान तयार गरी अधुरो कार्य गरेको देखिन्छ । साथै निर्माण कार्य अधुरो रहेको कारण उक्त भवन संरचनाहरु प्रयोगमा आउने अवस्था समेत नरहेको । साथै आ.व.२०७८।७९ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको विवरण समेत प्राप्त नभएकोले सालबसाली रुपमा अधुरो निर्माण हुने गरी बजेट विनियोजन गरेकोले पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै निर्मित संरचाना उपयोग विहिन हुने र लागतमा समेत वृद्धि हुदै जाने स्थिति रहन्छ। यस सुधार हुनुपर्दछ । | |

| भौ नं | योजना | कार्य | कार्यसम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|
| २१ | गोरखनाथ सार्वजनिक गुम्बा निर्माण | लागत अनुमान अनुसार १३ वटा पिल्लरको मात्र कार्य गरेको | २७०५१४ | २४२५०० |
| ५१ | युजे छल्वो छ्याक्तोङ चेन्ताङ्ग निर्माण | लागत अनुमान अनुसार १४ वटा पिल्लर र स्ल्याब ढालनको कार्य गरेको | ८६६१७३ | ८००००० |
| ४२ | पोखरी घर निर्माण | लागत अनुमान अनुसार पिल्लर र स्ल्याब ढालनको कार्य गरेको | ६६३३९९ | ५७९४२५ |
| ५७ | पलरी पेमा थोक्लिङ्ग गुम्बा | स्ल्याब ढलान तथा विम र वाल को कार्य | ४७३१२० | ४७०००० |
| ८८ | गोरखनाथ सार्वजनिक गुम्बा | स्ल्यब ढलान तथा टाई विमको कार्य मात्र | ७२६३४२ | ४८५००० |
| ९९ | डााडाटोल तामा गुम्बा निर्माण | विम स्ल्याब कोलुमको मात्र कार्य गरेको | ७८०९७४ | ६७९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **खरिद व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.१ | | | काङलाङ सामुदायिक स्वास्थ्य स्वास्थ्य ईकाई भवन निर्माणको लागि बि एन टि निर्माण सेवा (६०६८२१३२४)सँग रु ९७ लाख ५६ हजारमा ४० दिन भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।२।२० मा सम्झौता भएको देखियो । उक्त निर्माण व्यवसायीले सम्झौता बमोजिमको अवधि भित्र निर्माण कार्य सम्पन्न नगरेको जनाई २०७७।९।१० सम्म १६० दिन म्याद थप गरेको देखिन्छ । शूरु सम्झौताको ४०० प्रतिशत म्याद थप गर्ने कार्य कानुन सम्मत देखिएन । सम्झौताको बखत वर्क सेड्ुअल माग गरी सो को प्रभावकारी अनुगमन पश्चात मात्र म्याद थप गर्नु पर्दछ। | |
| ३५.२ | | | अधुरा आयोजना – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । अधुरा योजाहरुको अभिलेख व्यवस्थित गरी यथाशिघ्र कार्यान्वयन गर्नु पर्दछ । | |
| ३५.३ | | | ३२१।२०७८।३।२१ काङलाङ सिंचाई योजनाको लागि खरिद भएको रु ४४६३४०।०० को ९०० मिटर ११० एम एम पि एन ६ एच डि पी पाईप खरिद भएको छ । उक्त पाईप सम्बन्धित योजनामा खर्च भएको नापी किताब र निर्माण कार्यको तस्बिर सहितको अभिलेख पेश गर्नु पर्दछ ।रु | ४४६,३४० |
| ३५.४ | | | | |
| ३५.५ | | | बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष गुरु रिम्पोछे मुर्ति निर्माण, दुगुनागडी बुद्ध मुर्ति निर्माण, तातोपानी धारा शिबमुर्ती निर्माण , गुरु पध्म संभव पार्क निर्माणऽ भैरवकुण्ड पार्क निर्माण लगायतको योजनाहरुको डिपीआर निर्माण कार्य परामर्शदाताबाट गराई रु १९ लाख ३० हजार २३० खर्च गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । फन्ड बोर्ड लगायतका निकायहरुबाट कार्यान्वयन हुने योजनाहरुको सोहि निकायले डिपीआर गर्ने हुँदा पालिका समेतबाट गर्दा दोहोरो पर्ने तर्फ ध्यान दिएको छैन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५.६</td><td></td><td></td><td>क) बोलपत्र प्रतिस्पर्धाः पालिकाले बोलपत्र गरेका निम्न ठेक्काहरुमा प्रतिस्पर्धा न्युन भएको देखिन्छ । अधिकतम प्रतिस्पर्धा हुने गरी खरीद व्यवस्थापन गर्नु पर्दछ ।<br><table>
<tr><td>कामको बिबरण</td><td>निर्माण व्यवसायी</td><td>लागत अनुमान</td><td>सम्झौता</td><td>घटि प्रतिशत</td></tr>
<tr><td>झिर्पु खानेपानी योजना</td><td>महादेव भोटेकोशी कन्स्ट्रक्सन</td><td>३३९३८१४</td><td>३३७०९६१</td><td>०.६७</td></tr>
<tr><td>चौकि डाडा शेर्पा गुम्बा पर्यटकिय पदमार्ऊ</td><td>जिहा सप्लायर्स ६०९६३६०८४</td><td>४९९९९५९</td><td>४९६७९२०</td><td>०.६४</td></tr>
<tr><td>दशकिलो बोक्चेन सडक</td><td>गुरु भैरबनाथ निर्माण सेवा ६०८७३१३४६</td><td>५००००००</td><td>४९७७०६९</td><td>०.४६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.७</td><td></td><td></td><td>८।२०७७।५।२५ गुरु भैरव निर्माण सेवाबाट रु ११३६०५२।०० मा ३८१ थान तारजाली खरिद भएको छ । उक्त तारजालिहरु खर्च भएको योजनागत नापी किताब तथा स्विकृत कार्यक्रम बमोजिम खर्च भएको प्रमाण पेश गर्नु पर्दछ ।</td><td>१,१३६,०५२</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>लागत अनुमान<br>प्रोभिजनल समः सार्वजनिक खरीद नियमावली २०६४ को नियम १० को उपनियम २ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार मन्त्रीपरीषदबाट स्विकृत नर्मस बमोजिम तयार गर्नु पर्ने व्यवस्था छ । सोहि नियमको उपनियम ४ मा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट , डन्डि, इँटा, पाईप, स्यानिटरी सामान, जि आई वायर लगायतका निर्माण सामग्रीको दरभाउ निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्विकृत नर्मस बेगर ताङसिङ छ्योलिङ गुम्बा निर्माण कार्यको कुल लागत अनुमान रु १६ लाख ३१ हजार मध्ये आर्ट अफ प्लास्टर अफ बुद्विष्टको ११ आईटमको रु ७ लाख ९७ हजार तथा लिस्ति मन्दिर , पाउ गुम्बा च्यानडाडा बुद्ध पार्क निर्माणको कुल लागत अनुमान रु २७ लाख १० हजार मध्ये सक्सिङ मिरुन्डन्डा, उजुङ दिन जङ सेट , बज्र गुरुमन्त्र लगायत १३ आईटमको रु ३ लाख ९५ हजार स्विकृत नर्मस बेगर लागत अनुमान तयार गरी लागत अनुमान बराबरकै रकम उपभोक्ता समितीलाई भुक्तानी भएको छ ।<br>विस्तृत ड्रइङ डिजाइन र नर्मसको आधारमा लागत अनुमान तयार नगरेकोले उक्त खर्चको यथार्थता यकिन गर्ने आधार देखिएन ।</td><td>१,१९२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **सामाजिक सूरक्षा भत्ता**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताकोचौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभागतथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ । उपनियम१ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गतेभित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रथम चौमासिकमा १५६५ जनालाई रु १४९९३१६४, दोस्रो चौमासिकमा १६१५ जनालाई १५३०८४३३ र तेस्रो चौमासिकमा १७९४ जनालाई रु १६९५६०४५ वितरण गरेको देखिन्छ । प्रथम चौमासिक र दोस्रो चौमासिकमा बैक खाता नखोली रकम वितरण गर्न छुट भएको लाभग्राहीले तेस्रो चौमासिकसम्म बैंक खाता खोलेको कारण रकम क्रमश बृद्धि भएको पालिकाको भनाई रहेको छ । तसर्थ पालिकाले तोकीए बमोजिक खता खोल्न लगाई तोकीए बमोजिम रकम वितरण गर्ने तथा प्रतिवेदन गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ। | |
| ३८ | | | **केवाईसी अपडेट नभएको**<br>सामाजिक सूरक्षा संचालन कार्यविधि २०७७ अनुसार सामाजिक सूरक्षा बचत खाता संचानल गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रवण र माघ महिनाभित्र केन्द्रीय पंजिकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक सूरक्षा वितरणका नेपाल बैगलादेश बैंक लिमिटेडसँग सम्झौता गरेकोमा २०२०।०९।२१ मा पालिकाबाट डमी एकाउन्ट खोलिएको बाटुकी सेर्पाको (ना प्र नं ४१७/ खाता नं ०९२००७४७२Z) मा लेखापरीक्षण अवधि २०२२।०२।१० सम्म पनि kyc अपडे गरी निजकको डमी एकाउन्टमा जम्मा भएको रु.६०००० रकम रहेको विवरण प्राप्त भएको छ । तसर्थ बैकबाट निश्कृय तथा KYC अपडेन खातामा रहेको मौज्दात यिकन गरी फिर्ता गरि संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु.. | ६०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **नागरिकता नं उल्लेख नभएको**<br>सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा यस वर्ष देखि बैकबाट भत्ता वितरण गरेकोमा लगत कट्टा तथा लाभग्राही थप भएको विवरण प्राप्त हुन सकेन । श्रेस्ता परीक्षण गर्दा बैंकमा रकम निकासा भएको मध्ये प्रथम चौमासिकमा ३० जना, दोस्रो चौमासिकमा २१ जना र तेस्रो चौमासिकमा ३३ जना लाभग्राहीको बैंक पठाएको विवरणमा नागरिकता नं उल्लेख भएको पाईएन । उपरोक्त मध्ये १८ जना लाभग्राहीको बैंकबाट गरेको रिभर्स फिडमा नागरिकता नं उल्लेख भएकोमा १५ जनाको नागरिकता नं उल्लेख वेगर रकम खातमा जम्मा भएको पाईयो । त्यसैगरी लाभग्राही लगतसँग सम्बन्धित व्यक्तिगत सुचना फाईल समेत तयार भएको देखिएन् । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ । | |
| ४० | | | **विद्यालय शिक्षक अभिलेख**<br>शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ अनुसार शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजिमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको पाईएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेल अध्यावधिक नगरेको, स्थानीय तह भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेको कारण दोहोरो निकासा हुन सक्ने, दरबन्दी भन्दा बढी शिक्षकहरुको तलब विद्यालयमा निकाशा हुन सक्ने देखिन्छ । तसर्थ नियमाबलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **पालिका अनुदान**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका तथा विद्यालयले निजिश्रोतमा राखेको शिक्षकलाई संघ तथा प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड रकमबाट बेहोर्ने गरी रु.६६५०६०४ लाख तलब भत्ता निकासा गरेको पाईयो । पालिकाको आन्तरिक श्रोत न्युन रहेको तथा विद्यार्थिक संख्या तथा शिक्षक अनुपातको आधारमा विद्यालय मर्ज तथा एकीकीत नगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान बाहेको रकमबाट शिक्षक नियुक्ती गरेको उचित देखिएन् । तसर्थ पालिकाले शिक्षा ऐन तथा नियमावली अनुसार शिक्षक तथा विद्यार्थि अनुपात मिलाउने तथा शिक्षक दरवन्दी मिलान गरी खर्च घटाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **निकसा जिष्टर**<br>पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ४३ | | | **घटीको भरपाई**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुर्ने व्यवस्था छ । पालिकाले गोभौ ५६ मिति २०७७।१२।२४ बाट विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तरगत अन्नत कार्कीलाई कार्यक्रम संचालन वापत रु ७३६९५६ खर्च लेखांकन गरेकोमा रु ५५१५५ को मात्र विल भरपाई संलग्न रहेको छ । जसअनुसार खर्च भन्दा रु १८५४० घटीको विल संलग्न रहेको देखिन्छ । तसर्थ बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु | १८,५४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **स्यानीटरी प्याड वितरण**<br>स्यानीटरी प्याड वितरण तथा व्ययस्थान कार्यविधि २०७६ को बुदा नं ५ मा विद्यालयमा रहेका छात्राको संख्याको यकिन गरी विद्यालय माग गरे अनुसार स्यानीटरी प्याड उपलध गराउने तथा बुदा नं ६ मा विद्यालयले पालिकाबाट स्यानीटरी प्याड जन्सी खातामा अभिलेख अध्यावधिक गरी छात्राकव नामनामेसी खुनेगरी वितरणको अभिलेख अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । साथैसोही कार्यवधिमा विद्यालयबाट वितरण भएको स्यानीटरी प्याड वितरणको अवस्था लगायतका विषयमा पालिकाबाट अनुगमन हनुपर्ने व्यवस्था छ । यस वर्ष पालकाले रु.४८४०९२ को ६२०० पाकेट स्यानीटरी प्याड खरिद देन्खिछ । तर विद्यालयले कार्यविधिमा तोकीए अनुसार छात्रलाई वितरण गरेको नामनामेसी सिहतको अभिलेख तथा पालकाबाट भएको अनुगमन सम्बन्धी प्रमाण लेखापरीणको क्रममा पेश हुन सकेन । तसर्थ पालिकाको जिन्सि शाखामा विद्यालयका प्रनाध्यापकलाई बुझाई खर्च जनाए अनुसारको सेनटरी याड छात्रालाई वितरण गरेको प्रमाण तथा पालिकाबाट भएको अनुगमनको प्रमाण पेश हुनुपर्ने देखिएको रु | ४८४,०९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सशर्त अनुदान तर्फ गोभौ १० मिति २०७७।०६।१६ मा जनप्रिय मेडिसिन सप्लायर्सबाट रु.१९९९९५०, भौनं १२९ बाट भिमफेदी मेडिसिन सप्लायर्सबाट रु ५६१६६० को १४ प्रकार र १२२ क्यान्डेला मेडी कन्सर्नबाट रु ९९७१० को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>क) खरिद गरिएको औषधिमा आधिकारिक विक्रेतालाई दिने सुविधा सरहको छुट सुविधा लिएको नलिएको यकिन गर्न सकिएन् ।<br>ख)प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । साथै सप्लायर्ससँग मिति २०७७।०६।११ मा भएको सम्झौतामा २ वर्ष अवधि भएको औषधिमात्र उपलब्ध गराउने उल्लेख छ । तर खरिद गरेका औषधिको विल तथा जिन्सी दाखिलामा ब्याच नं, उत्पादन मिति र म्याद समाप्त हुने मिति उल्लेख गरेको देखिएन् ।<br>ग) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड भएको भनी विज्ञबाट मुचुल्का उठाई प्रमाणित राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । ङ)औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४६ | | | **बढी निकसा**<br>विद्यालय शिक्षकको तलब विद्यालयबाट माग भएको माग फारम परीक्षण गरी रुजू भए अनुसारको रकम निकासा दिनुपर्दछ । लेखापरीक्षणको क्रममा नमुना छनौट परेको मध्ये कोदारी माविको दोस्रो चौमासिक निकासा गर्दा नईन्द्र तामाङ्गको नाममा रु १२६०५ निकासा भएको छ । विद्यालयको मिति २०७८।०८।०७ मा दिएको रमानामा २०७७ कार्तिक मसान्तसम्मको तलब भत्ता भुक्तानी भएको उल्लेख छ । रमानामा उल्लेख भन्दा पछिको अवधि सम्म निकसा भएको रकम असुल हुनुपर्ने देखिएको रु | १२,६०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **दोहोरो अनुदान**<br>पालिकाले कार्यक्रम तर्जुमा गर्दा संघ तथा प्रदेशसँग दोहोरो नहुने गरी कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्था गर्नुपर्दछ । पालिकाले संघीय सरकार सशर्त अनुदान अन्तरगत फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण कार्यको लागि गोभौ ५३ मिति २०७७।१२।१५ बाट फुर्नीमा शेर्पा र रविन्द्र पौडेललाई ५० प्रतिशत अनुदान वापत जनही रु५७७५०० का दरले रु ११५५००० उपलब्ध गराएको छ । निजहरुले ५०० विरुवा ओखरको बोट रोपण सहित जनही रु ११२७०७० को कार्य गरेको प्राविधि मुल्यांकन समेत श्रेस्तामा संलग्न रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।<br>क) फूर्निमा शेर्पाले सम्झौता अनुसार रु ११२७०७० को कार्य गरी संघी सरकार सशर्त अनुदान अन्तरगत ५० प्रतिशतले हुने रु ५७७५०० अनुदान लिएको देखिन्छ । तर पालिकाले वार्षिक बजेटतर्फ समावेश गरी संघीय सरकारबाट ५० प्रतिशत अनुदानमा पालिकाले थप २५ प्रतिशत अनुदान दिने गरी पारित गरेअनुसार कृषि तर्फ गोभौ ४१ मिति २०७८।०३।२३ बाट सोही रु ११२७०६९ को कार्यसम्पन्न प्रतिवेदन समावेश गरि फुर्निमा शेर्पालाई रु १४२४०९ उपलब्ध गराएको छ । पालिकाले पटक पटक एकै संस्था तथा कृषकलाई मात्र अनुदान उपलबेध गराउनुको कारण स्पष्ट हुन सकेन । तसर्थ संघीय सरकारबाट प्रकाशित कृषि कार्यक्रम संचानल निर्देशिका अनुसार दोहोरो अनुदान दिन नमिल्ने देखिएको तथा एकै कार्यको लागि पालिका र संघीय सशर्त अनुदानबाट अनुदान उपलबेध गराएको दोहोरो परेको रकम रु १४२४०९ असूल हुनुपर्दछ ।<br>ख) रविन्द्र पौडेलले सम्झौता अनुसार रु ११२७०७० को कार्य गरी संघी सरकार सशर्त अनुदान अन्तरगत ५० प्रतिशतले हुने रु ५७७५०० अनुदान लिएको देखिन्छ । तर पालिकाले वार्षिक बजेटतर्फ समावेश गरी संघीय सरकारबाट ५० प्रतिशत अनुदानमा पालिकाले थप २५ प्रतिशत अनुदान दिने गरी पारित गरेअनुसार कृषि तर्फ गोभौ ४१ मिति २०७८।०३।२३ बाट सोही रु ११२७०६९ को कार्यसम्पन्न प्रतिवेदन समावेश गरि निजलाई रु २८७४०९ उपलब्ध गराएको छ । पालिकाले पटक पटक एकै संस्था तथा कृषकलाई मात्र अनुदान उपलबेध गराउनुको कारण स्पष्ट हुन सकेन । तसर्थ संȣीय सरकारबाट प्रकाशित कृषि कार्यक्रम संचानल निर्देशिका अनुसार दोहोरो अनुदान दिन नमिल्ने देखिएको तथा एकै कार्यको लागि पालिका र संघीय सशर्त अनुदानबाट अनुदान उपलबेध गराएको दोहोरो परेको रकम रु २८७४०९ असूल हुनुपर्दछ ।<br>तसर्थ पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दोहोरो नपर्ने गरी कृषक अनुदान उपलब्ध गराउने विषयमा ध्यान दिन उपरोक्त अनुसारको रकम असूल हुनुपर्ने देखिएको रु | ४२९,८१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **दोहोरो अनुदान**<br>पालिकले वार्षिक कार्यक्रम तर्जुमा गर्दा संघ तथा प्रदेशसँग दोहोरो नहुने गरी गर्नुपर्दछ । पालिकाले संघीय सरकार सशर्त अनुदान अन्तरगत ५० प्रतिशत लागत साझेदारीमा च्यालन्दर ओखर रोपण कार्यक्रममा लागि छनौटमा परेको कृषक मध्ये फूर्निमा शेर्पाले रु ११२७०७० को कार्य गरी गोभौ ५३ मिति २०७७।१२।०५ बाट ५० प्रतिशतले हुने अनुदान रकम रु ५७७५०० भुक्तानी लिएको देखिन्छ । उक्त भुक्तानीको श्रेस्तामा संलग्न प्राविधिक नापी किताब अनुसार निजले ५०० बोट ओखर रोपण कार्य गरेको र २१०० मिटर पाईपको कार्य समेत गरेको देखिन्छ । तर निजले पाईप खरिद गरेको विल संलगन गरेको छैन । त्यसैगरी कृषितर्फको गोभौ ९ बाट निजले २४०० मिटर पाईप भरपाई गरी बुझीलिएको देखिन्छ । जसअनुसार पालिकाबाट भरपाई गरी बुझीएको पाईप प्रयोग गरेको अवथामा पुनः सोही पाईपको प्रयोग देखाई अनुदान लिएको देखिन्छ । साथै निजले पालिकाबाट १०० वोट ओखरको विरुवा भरपाई गरी बुझीलिएको देखिएकोले सो समेत दोहोरो नपरेको भन्न सकिने अवस्था रहेन । तसर्थ उपरोक्त अनुसार एकै कार्यको लागि फरक फरक शिर्षकबाट भुक्तानी लीएको दोहोरो देखिएकोले उक्त रकम असूल हुनुपर्ने देखिएको रु | १४८,४०० |
| ४९ | | | **बढी खरिद गरी मौज्दात राखेको**<br>पालिकाले यस वर्ष देहाय अनुसार कार्क्रमहरु ७५ प्रतिशत अनुदानमा संचालन गर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत गरेको छ । जसअनुसार निम्ननानुसार सामाग्रीहरु खरिद गरी पालिका देहाय अनुसार आपुर्तिकर्तालाई भुक्तानी दिएकोछ । तर खरिद गरिएको देहायको परिमाणका सामाग्रीहरु लेखापरीक्षण अविधि २०७८।१०।२५ सम्म पनि वितरण नगरी स्टक राखेको देखाएको छ । जसअनुसार कृषि शाखाले खरिद गरेको सामग्री वितरण नगरी स्टक रहने गरी खरिद गरेको कारण पालिकाको खर्च मात्र वृद्धी भएको देखिन्छ । तसर्थ सामाग्रि स्टक रहने गरी खरिद गर्नेलाई जिम्मेवार बनाई उक्त सामाग्रि वितरण भएको भरपाई पेश हुनुपर्दछ । | |

| भौचर | खरिद गरेको सामाग्री | खरिद गरिएको संख्या | विरतण संख्या | बाकी संख्या | एकाई दर | रकम |
|---|---|---|---|---|---|---|
| ६ | ७५ % अनुदानमा ६*१२ को पलाष्टिक खरिद | ८० थान | ६० | २० | ५००० | १००००० |
| ११ | ७५ % अनुदानमा मिलिटिलर खरिद | १० थान | ५ | ५ | ४८९९५ | २४४९७५ |
| १२ | ७५ % अनुदानमा स्पेयर खरिद | ४८ थान | ० | ४८ | | |
| १२ | ७५ % अनुदानमा सिकेचर खरिद | ७४ थान | ४४ | २० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>कृषकको अंश<br>पालिकाले कार्यक्रम संचालन गर्दा तोकीए गर्नुपर्दछ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसार ७५ प्रतिशत कृषि अनुदान अन्तरगत देहायअनुसार कार्यक्रमहरु संचालन गरेको छ । पालिकाको कृषि शाखाबाट देहाय अनुसार रु १४६३९५६ को सामाग्री खरिद गरेकोमा २५ प्रतिशतले हुने रकम रु ३६५९९० पालिकाको संचितकोष दाखिला हुनुपर्नेमा कृषि शाखाले नगद संकलन गरेको भनी रु १७८५४० मात्र संचितकोष दाखिला गरेको देखिन्छ । तर श्रेस्तामा संलग्न देहाय अनुसार सामाग्री खरिद गरेको विल अनुसार कृषको अंशको रकम रु १८७४५० घटी दाखिला भएको देखिन्छ । तसर्थ देहाय अनुसार नपुग कृषकको अंश रकम वापतको रकम संचितकोष दाखिाला भएको प्रमाण पेश हुनुपर्ने देखिएको रु<br><table>
<tr><th>भौचर</th><th>खरिद गरेको सामाग्री</th><th>विल रकम</th><th>पालिकाको अंश</th><th>कृषकको अंश</th></tr>
<tr><td>६</td><td>७५ % अनुदानमा ६*१२ को पलाष्टिक खरिद</td><td>४०००००</td><td>३०००००</td><td>१०००००</td></tr>
<tr><td>९</td><td>७५ % अनुदानमा सिचाई पाईप खरिद</td><td>३७४००७</td><td>२८०५०५</td><td>९३५०२</td></tr>
<tr><td>११</td><td>७५ % अनुदानमा मिलिटिलर खरिद</td><td>४८९९५०</td><td>३६७४६२</td><td>१२२४८८</td></tr>
<tr><td>१२</td><td>७५ % अनुदानमा सिकेचर र स्पेयर खरिद</td><td>१९९९९९</td><td>149999</td><td>50000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४६३९५६</td><td>१०९७९६६</td><td>३६५९९०</td></tr>
</table></td><td>१८७,४५०</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सुबिधा</td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>बिभिन्न ४ जना कर्मचारीहरुको पारीश्रमिक कर कट्टि गर्न बाँकी रु २२२५१।०० असूल गर्नु पर्दछ ।</td><td>२२,२५१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.२ | | | कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।स्थानीय तहले यो बर्ष कर्मचारीलाई भौचर नम्बर ६३,३७५ र ३७६ बाट रु २५ लाख ४२ हजार ६६७ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । कार्य सम्पादनको सूचकहरु सहितको कार्यबिधि नबनाई बितरण गरेको प्रोत्साहन भत्ता नियमित देखिएन ।<br>निम्न कर्मचारीहरुले कार्यालयमा उपस्थितनै नभएको अवस्थामा समेत प्रोत्साहन भत्ता प्राप्त गरेको देखिदा उक्त रकम असूल गर्नु पर्दछ । | ५७,९६० |

| पद, नाम | हाजिर नभएको अवधि | प्रोत्साहन भत्ता |
|---|---|---|
| स्रोत व्यक्ती श्री नईन्द्र तामाङ | श्रावण भाद्र र आश्विन | २२६७३ |
| अधिकृत छैठौ श्री केशबराज ढुंगाना | श्रावण र भाद्र | १०३२९ |
| लेखापाल श्री सुजन निरौला | श्रावण | ५९२२ |
| अमिन श्री सुमन शर्मा | श्रावण | ५५८८ |
| कानुनी सहजकर्ता श्री सम्झना कार्की | श्रावण | ५५५८ |
| ई नवराज गिरी | श्रावण | ७८६० |
| | जम्मा | ५७९६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **प्रशासनिक खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.१ | | | बिमा तथा नविकरण खर्च (22214): यस मा निर्माण भइसकेका सार्वजनिक सम्पत्ति, जस्तैः सडक, पुल, नहर, विद्युत गृह, भवन तथा मेशीनरी उपकरण आदिको बीमा खर्च, सवारी साधनको बीमा तथा तेश्रो पक्षकोदायित्व बीमा गर्दा लागेको बीमा शुल्कसम्बन्धी खर्च र सवारी साधन नवीकरण शुल्क समावेश गरिन्छ । तर निर्माण अवधिको बीमा खर्च भने पुँजीगत खर्चको सम्बन्धित बजेटखर्च शीर्षकमा समावेश गर्नुपर्दछ । लेखापरीक्षण गर्दा निम्न विषयहरु देखिएका छन :<br>• सार्वजनिक सम्पत्तिको सुरक्षार्थ स्विकृत नीति अनुसार बिमा गर्ने नगरेको; | |
| ५२.२ | | | पदाधिकारी इन्धन खर्च भुक्तानीमा तोकिएका कानूनी प्रकृया अवलम्वन गरी ईन्धनको परिमाण वा ईन्धन वापतको रकम तोकिए भन्दा बढी भए नभएको यकिन गर्न ईन्धन कुपनवाईज लगबुक तयार नगरेको कारण पदाधिकारीले ईन्धनको दोहोरो सुविधा प्राप्त गर्ने गरी प्रयोग गरे नगरेको भिडान गरी परीक्षण गर्ने अभिलेख पेश भएन । | |
| ५२.३ | | | सवारी साधन मर्मत (22213): यसमानियमित रुपमा कार्यालय प्रयोगमा रहेका सवारी साधन मर्मत सम्भार गर्न चाहिनेसामान र ज्याला खर्चहरू समावेश गरिन्छ । सवारी साधनको लागि चाहिने व्याट्रीलगायतका सामानहरू र ज्याला खर्चहरू समेत यसमा समावेश गर्नु पर्दछ । तर सवारीसाधनको आयु वृद्बि हुने गरी फेरिएको पार्टपूर्जाको खर्च पुँजीगत खर्चकोसम्बन्धित खर्च शीर्षकमा नै समावेश गर्नुपर्दछ। लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न छन:<br>• आवधिक मर्मत र व्यवहारिक मर्मत खर्च नखुलाएको;<br>• सूचिकृत मर्मत कार्ताबाट मर्मत कार्य नगराईएको (यात्रा जस्तो अपवादमा आवश्यक स्विकृति नलिईएको);<br>• मलेप फाराम नं 414 र 415 अद्यावधिक नराखेको; | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.४ | | | ईन्धन (कार्यालय) (22212): यसमा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टस आदिको खर्च समावेश गरिन्छ । तर लगत इष्टिमेटमा परेको निर्माणसामग्री ओसार्ने सवारी साधनमा प्रयोग भएको इन्धन खर्च सम्बन्धित बजेट रकममानै समावेश गर्नु पर्दछ । लेखापरीक्षण गर्दा परीक्षण ईन्धन खर्चको सम्बन्धमा निम्न ब्यहोराहरु देखिएका छनः<br><br>• सवारी साधनको लगबुक अद्यावधिक नराखेको;<br>• ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) विश्लेषण नगरेको;<br>• सवारी साधन कार्यलय प्रयोजनकालागी मात्र प्रयोग भएको खुल्ने लगबुक नभएको;<br>• आवधिक लुब्रिकेन्टस् मोबिलको खर्चको मापदण्ड नभएको;<br>• तोकिएको पम्पबाट मात्र ईन्धन कुपन मार्फत खरिद नभएको (फिल्ड यात्रामा बाहेक);<br>• नियन्त्रणका लागि कुपनको प्रयोगमा आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी नभएको; | |
| ५३ | | | **कार्यलय सञ्चालन** | |
| ५३.१ | | | पुस्तक तथा सामाग्री (22313): यसमा सार्वजनिक विद्यालयले निःशुल्क रूपमा विद्यार्थीहरूलाई वितरण गर्ने पुस्तक, खेलकूद एवं शैक्षिक सामग्री तथा सार्वजनिक पुस्तकालय प्रयोजनको लागि खरीद गरिएका पुस्तकको खर्च समावेश गरिन्छ। लेखापरीक्षण गर्दा देखिएका विषयहरु:<br><br>• पुस्तक तथा सामाग्री खरीद गर्दा सार्वजनिक खरीद कानूनको पालना नभएको;<br>• खरिद योजना र आँकलन विद्यार्थी सङ्ख्याको उपलब्ध आँकडा र स्विकृत पाठ्यक्रम बमोजिम तयार नपारिएको;<br>• जिन्सी अभिलेख मलेप फाराम 401-406 अनुसार नराखिएको;<br>• भौतिक परिक्षण म ले प फाराम 411 मा अभिलेख नभएको; र<br>• विद्यालय र विद्यार्थीहरुलाई भएको वितरणको अभिलेख नभएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३.२ | | | २७४।२०७८।३।१६ एन के ईन्टरनेसनल (३००९०७९७५) बाट रु ४७७९०२।०० को त्रीपाल तथा प्लास्टिक खरिद भएकोमा संलग्न ३ कोटेसनहरु कार्यालयमा दर्ता भएको पाईएन । नियमानुसार खरिद गरि प्राप्त सामग्रीहरु स्विकृत कार्यक्रम बमोजिम सम्बन्धित लाभग्राहिलाई बितरण गर्नु पर्दछ । रु | ४७७,९०२ |
| ५३.३ | | | २३१।२०७८।१।२२ सवारी साधन ईन्धन वापत रु ४० हजार खर्च लेखेकोमा सवारीको उदेश्य खुल्ने गरि लगबुक पेश भएन । खर्चलाई प्रमाणित गर्ने बिश्वसनिय प्रमाण पेश गर्नु पर्दछ । रु | ४०,००० |
| ५३.४ | | | ३१९, ३२०। २०७८।३।२३ हेराल्ड मिडिया लाई रु ७९७५०।०० तथा सयपत्री मिडिया प्रा ली लाई सक्कल कर बिजक बेगर रु ३३९००।०० भुक्तानी दिएकोले सक्कल कर बिजक पेश गर्नु पर्दछ । रु | ११३,६५० |
| ५३.५ | | | ११।२०७७।५।२९ सफ्टटेक ईन्फोसिस प्रा लीबाट (३०१२१२५५७) एकिकृत संपत्तीकर सफ्टवयर रु ४९४९४०।०० मा खरिद गरेको देखिन्छ । तर पालिकाले कुनैपनी करदाताबाट एकिकृत सम्पत्तीकर असूल गरेको देखिएन । पालिका क्षेत्र भित्र रहेका होटेल तथा रिसोर्ट लगायत सम्पुर्ण करदाताहरुलाई करको दायरामा ल्याई एकिकृत सम्पत्ती कर असूल गर्नु पर्दछ । जुन प्रयोजनको लागि खर्च भएको हो सो कार्यनै नभएकोले खर्च रकम नियमित देखिएन । | ४९४,९४० |
| ५४ | | | **अनुगमन भ्रमण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.१ | | | भ्रमण खर्च (22612): यसमा (क) एक कार्यालयबाट अर्को कार्यालयमा सरूवा भएको वा दरवन्दी यथास्थानमा राखी काज सरूवा भएको कर्मचारी र निजले नियमानुसार लैजान पाउने परिवारको भ्रमण खर्च निर्धारित दरमा सवारी खर्च र पैदल हिंडे वापत पाउने भ्रमण खर्च (जस्तैः यातायात भाडा, हवाई उडान कर, भ्रमणसम्बन्धी बीमा खर्च र सरकारबाट स्वीकृत भ्रमणसम्बन्धी फुटकर खर्चहरू) (ख) सरूवा भई जाने कर्मचारी र निजको परिवारले नियमानुसार पाउने भ्रमण खर्च र दैनिक भत्ता । (ग) सरकारी काम वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, बीमा खर्च, फुटकर तथा भैपरी आउने खर्चहरू पर्दछन् । लेखापरीक्षण गर्दा देखिएका विषयहरु:<br>• भ्रमणको म ले प फाराम 908 अभिलेख नगरेको;<br>• भ्रमणको प्रतिवेदनको अभिलेख म ले प फाराम909 मा नगरेको; | |
| ५४.२ | | | अनुगमन, मुल्याङ्कन खर्च (22611): यसमा अनुगमन तथा मूल्याङ्कन कार्य, तत्सम्बन्धी प्रतिवेदन तथा निरीक्षणको लागि हुनेखर्च र अनुगमनगर्ने पदाधिकारी तथा कर्मचारीहरूको दैनिकभ्रमण भत्ता लगायतका खर्चहरूसमावेश गरिन्छ । लेखापरीक्षण गर्दा देखिएका विषयहरु:<br>• अनुगमन र मुल्याङ्कन कार्य भएको पुष्टी गर्ने कागजतहरुको अभिलेख राखिएको;<br>• अनुगमन र मुल्याङ्कनका क्रममा भएको भ्रमणको समर्थन कागजात अभिलेख नराखिएको; | |
| ५५ | | | **योजना निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगतमध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगतमध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयनगर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **माटो काटने कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्सअनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइलटेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शनड्रइङ्ग समेत नराखी स्वाइल र रककटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटोयोजनाहरुमानरम तथा कडा चट्टान १ देखि ४० प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शनड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |
| ५७ | | | **प्राकृतिक श्रोतको बिक्री**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । साथै प्रदेश आर्थिक ऐन २०७७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गरी अनुसूची ९ अनुसारको दरमा विक्री गर्न सक्ने व्यवस्था गरेको छ । साथै निजि जग्गामा प्राप्त हुने ढुंगा तथा मटो अन्य व्यक्तीलाई विक्री गर्दा समेत पालिकाको स्वीकृत लिई तोकीए बमोजिकको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा उपभोक्ता समितिले ढुँगा खरिद गरेको देखिने प्रमाण संलग्न रहेको छैन् । जसबाट उपभोक्ता समितिले पालिका क्षेत्र भित्रका गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेकोमा पालिकाले ती सामग्रीको पालिका दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे नमुना छनौट गरेका योजनाहरुका उपभोकता समितिबाट पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क वापतको देहाय अनुसार रु ९१६४४४ आम्दानी भएको देखिएन् । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |

| भौ नं | योजना तथा उपभोक्ता | ढुंगाको परिमाण | दर | रकम |
|---|---|---|---|---|
| २० | चाकु मार्मिङ्ग मोटर बाटो | ४१ | ३९४ | १६१५४ |
| ४० | चाकु ध्याङ्गले भन्दर्कु ज्याम्दीङ्ग | १२९ | ३९४ | ५०८२६ |
| ५३ | पोखरी लहरे माथी मर्मत | ४५ | ३९४ | १७७३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८६</td><td>गूरु धारा सेरची गोरेटो बाटो</td><td>६२</td><td>३९४</td><td>२४४२८</td></tr>
<tr><td>९२</td><td>ब्राङ्गमा भोरै मोटर बाटो</td><td>५६</td><td>३९४</td><td>२२०६४</td></tr>
<tr><td>९४</td><td>सैबुङ्ग हुदै थिप्चे मोटर बाटो</td><td>२९७</td><td>३९४</td><td>११७०१८</td></tr>
<tr><td>१०४</td><td>लार्चा गुम्बाडाँडा मोटर बाटो</td><td>११३</td><td>३९४</td><td>४४५२२</td></tr>
<tr><td>१२८</td><td>बगाम भैरवकुण्ड पर्यटकीय सडक</td><td>९८५</td><td>३९४</td><td>३८८०९०</td></tr>
<tr><td>सा ४</td><td>लिस्ती सेबुङ्ग सुनखानी मोटरबाटो</td><td>२०३</td><td>३९४</td><td>७९९८२</td></tr>
<tr><td>सा ५</td><td>नारायण थान देखि देउढुंङ्गा पर्यटकीय मोटर बाटो</td><td>२२०</td><td>३९४</td><td>८६६८०</td></tr>
<tr><td>स १२</td><td>चाकु सुनखानी नारायणथान सडङ्क</td><td>१७५</td><td>३९४</td><td>६८९५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९१६४४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बायो ईन्जिनियरिङ्ग<br>सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत÷सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो—इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखतपक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>हेभी ईक्युपमेन्टको प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । नियमालीको व्यवस्था अनुसार कार्य गर्न तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>जटील संरचना निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकालेआर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका अन्य भवन, खानेपानी टंकीलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरुमार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>समिति</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>सामुदायिक विकास संस्था र कार्यालय बिच भएको सम्झौताको शर्त नम्बर ३ मा झोलुङ्गे पुलको प्राविधिक तथा सामाजिक सहयोग वापत तेस्रो किस्ताको रकम भुक्तानी गर्दा सामाजिक लेखापरीक्षण प्रतिबेदन पेश गर्नु पर्ने व्यवस्था छ । सामाजिक लेखापरीक्षण प्रतिबेदन पेश नगरी निम्नानुसार झोलुङ्गे पुलहरुको रकम भुक्तानी गरेको देखियो ।
<table>
<tr><th>भौ नं , मिति</th><th>झोलुङ्गे पुलको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२०।२०७८।३।१७</td><td>घट्टे खोला</td><td>२२०६८०।००</td></tr>
<tr><td>१३।२०७७।११।९</td><td>करपिसे खोला</td><td>१८३१५६।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०३८३६।००</td></tr>
</table></td><td>४०३,८३६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>
क) जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गो भौ, मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२।२०७७।११।०७</td><td>करपिसे खोला झोलुङ्गे पुल उपभोक्ता समिति</td><td>झोलुङ्गे पुल</td><td>९२४३१६</td></tr>
<tr><td>२४।२०७८।३।२३</td><td>घट्टे खोला झोलुङ्गे पुल उपभोक्ता समिति</td><td>झोलुङ्गे पुल</td><td>२७७७२८५</td></tr>
</table>
ख) भुक्तानी सिफारीशः सुमित्रा स्वास्थ्य चौकि भवन दुनिथाङ दुगुना उपभोक्ता समितिलाई पहिलो र दोस्रो बिलबाट रु ३६ लाख ८६ हजार भुक्तानी भएको छ । रकम भुक्तानीको लागि योजना अनुगमन समितिका संयोजक तथा उपाध्यक्ष श्री दाबुटी शेर्पाले अनुगमन गरी सिफारीश गरेको देखिएन । प्रतेक योजनाहरुको रकम भुक्तानी गर्दा अनुगमन समितिको सिफारीशलाई समेत ध्यान दिनु पर्दछ।<br>
ग) १२।२०७८।३।२४ चाकु मार्मिङ सडक स्तरउन्नती उपभोक्ता समितिलाई रु २५ लाख ७७ हजार भुक्तानी गर्दा श्रमिकहरुको पहिचान प्रमाण बेगर रु २० लाख ६१ हजार खर्च भएको बिलभरपाई पेश भएको छ । श्रमिकहरुले गरेको काम समेत स्पस्ट देखिने गरी रकम बितरण गर्नु पर्दछ।<br>
घ) दुगुना टासिथान सडक ट्र्याक खोल्ने कार्यको लागि संभाव्यता अध्ययन प्रतिबेदन, बातारणिय अध्ययन प्रतिबेदन तथा डीपीआर स्विकृत नगरी प्रभात सिन्धु जुगल जे भी(६१५६५८३५७) सग रु १ करोड १२ लाख ७२ हजारमा सम्झौता भएको छ । यसले सडकको गुणस्तर, दिगोपना र बाताबरणमा प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>
अनुगमन तथा संपरीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण एको बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">आर्थिक वर्ष</th><th rowspan="2">बेरुजूको दफा नं</th><th rowspan="2">फछ्र्यौटको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>२०७३।७४</td><td>२</td><td>सामाजिक सुरक्षाको गापा संचितकोषमा रहेको रकम फिर्ता गरेको</td><td>२०८४००</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७४।७५ | ४५ | पदाधिकारी र कर्मचारीले नपाउने बैठक भत्ता मध्ये सम्झना कार्कीबाट असूल भएको भौचर पेश | १२७५० | ० | ० | ० |
| २०७४।७५ | ४६ | सभाको बढी दरको बैठक भत्ता मध्ये सम्झना कार्कीबाट रु ८००० | ८००० | ० | ० | ० |
| २०७४।७५ | ५५.१० | संयोजक श्री रेजिन्द्र प्र सुवेदीबाट सूल गरी दाखिला गरेको | ६१००० | ० | ० | ० |
| २०७४।७५ | ५५.२४ | शर्शतको फिर्ता गर्न बाँकी अनुदान फिर्ता गरेको प्रमाण पेश | ३१०२३०८ | ० | ० | ० |
| २०७६।७७ | ५९ | ज्योती प्रधानको वडा नं १ मा हाजिकर भएको अवधिको कर्मचारी प्रोत्साहन भत्ता बुझेको प्रमाण | ० | ९००० | ० | ० |
| २०७६।७७ | २९ | शर्शतको वार्षान्तमा बाँकी रकम फिर्ता गरेको भौचर पेश | ५०२९१९३ | ० | ० | ० |
| २०७६।७७ | ३० | संघीय तथा प्रदेश समपुरक अनुदानको खर्च नभएको रकम रु १ करोड फिर्ता गरेको भौचर पेश | १०००००००० | ० | ० | ० |
| २०७६।७७ | ३१ | स्थानीय पुर्वाधार साझेदारी कार्यक्रमको बचत रकम फिर्ता गरेको प्रमाण पेश | ३२०१०० | ० | ० | ० |
| २०७६।७७ | ४८ | कोरोना प्रोत्साहन भत्ता आन्तरिक श्रोतबाट खर्च लेखि संघ फिर्ता गरेको भौचर पेश | ८६१३६० | ० | ० | ० |
| २०७४।७५ | ४५ र ४६ | पदाधिकारीले बैठक भत्ता नपाउनेमा संशोधित प्रदेश कानून भन्दा बढी दरको रकम असूल गरेको भौचर पेश तथा *बाँकी रकमको हकम कार्यालयबाट निर्णय भए अनुसार हुने भएकोले असुल तर्फको मात्र फर्छ्यौट गरीएको* | ७२६७५० | ० | ० | ० |
| २०७४।७५ | ४५, ४६, ६५ र ५९ | पदाधिकारीले बैठक भत्ता नपाउनेमा संशोधित प्रदेश कानून भन्दा बढी दरको रकम असूल गरेको भौचर पेश तथा *बाँकी रकमको हकम कार्यालयबाट निर्णय भए अनुसार हुने भएकोले असुल तर्फको मात्र फर्छ्यौट गरीएको* | ८६८५०६ | ० | ० | ० |
| जम्मा | | | २११९८३६७ | ९००० | ० | ० |